"समुन्नत सम्पदा दिगो पूर्वाधार ,समृद्ध कनकाईको मूल आधार"

# कनकाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जोमुनबारी, झापा
## कोशी प्रदेश, नेपाल

---

पत्र संख्याः ०८२/०८३
(प्रशासन शाखा)

सुचना नं. : सूचना प्रकाशित मितिः-२०८२/०८/१७

**विषयःतह वृद्धिको लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना**

प्रस्तुत विषयमा कोशी प्रदेश सरकारबाट जारी" स्थानीय सरकारी सेवा(गठन तथा संचालन) ऐन,२०८०" को दफा २७ को उपदफा(१) तथा कनकाई नगरपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि,२०८१ को दफा ४ तथा कार्यविधिको दफा ७ बमोजिम योग्यता पुगेका यस नगरपालिका र मातहतका कार्यालयमा कार्यरत स्थायी कर्मचारीहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही नहुने व्यहोरा समेत यसै सूचना साथ जानकारी गराइन्छ ।

१.कनकाई नगरपालिकामा कार्यरत स्थायी कर्मचारीहरुको तह वृद्धि सम्बन्धी कार्यविधि,२०८१ को अनुसूची १ बमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ ।

२.आवश्यक कागजातहरुः

- पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङकन फारम
- स्थायी नियुक्ति/बढुवा नियुक्तस पत्रको प्रतिलिपि र शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
- समायोजन भएका कर्मचारीको हकमा स्थानीय तहमा समायोजन भएको पत्रको प्रतिलिपि
- सेवा अवधि पुष्टि गर्ने नियुक्ति/बढुवा नियुक्तिको प्रतिलिपि
- विभागीय सजाय नपाएको,निलम्बनमा नरहेको र सेवा अवधि पूरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेको सिफारिस पत्र
- पेशा सम्बन्धी व्यवसायी परिषदले उपलब्ध गराउने प्रमाणपत्रको प्रतिलिपि (आवश्यक हुनेको हकमा मात्र)
- कार्यविधिको दफा (५) बमोजिमको तह वृद्धि सिफारिस समितिले मागेका अन्य कागजातहरु ।

२०८२।८।१६

नारायण न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

---



Scanned with CamScanner